Microfinance

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "घ" वर्गको राष्ट्रियस्तरको संस्था)



8th Annual Report (2077/078)

आठौं वार्षिक प्रतिवेदन

(२०७७/०७८)

Boosting Agriculture ..... Thinking Food Security & Poverty Reduction

सञ्चालक समिति



श्री डम्मर मणी थेबे लिम्बु
अध्यक्ष (संस्थापक)



श्री राजेश्वर प्रसाद आचार्य
सञ्चालक (संस्थापक)



श्री रमेश कुमार प्रधान
सञ्चालक (संस्थापक)



श्री किशोर शेर्पा
सञ्चालक (संस्थापक)



श्री भक्तराम खड्का
सञ्चालक (सर्वसाधारण)



श्रीमती अनुपा ओझा
सञ्चालक (सर्वसाधारण)



श्री निरंजन पराजुली
सञ्चालक (स्वतन्त्र)



श्री डा. मदन घिमिरे
प्रमुख कार्यकारी अधिकृत

बिषयसूची

क्र.सं.	विवरण	पेज नं.
१	**संक्षिप्त परिचय**	२
२	**कार्यक्षेत्र तथा शाखा कार्यालयहरुको विवरण**	२
३	**संस्थाद्धारा प्रवाहित वित्तीय तथा गैर वित्तीय सेवाहरु**	३
४	**सदस्यको प्रकार**	५
५	**विगत देखि हालसम्म वित्तीय संस्थाको प्रगति झलक**	५
६	**आठौं वार्षिक साधारण सभा सम्वन्धी सूचना**	९
७	**आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन :**	११
	७.१ कारोवारको सिंहावलोकन	११
	७.२ मानव संसाधन तथा क्षमता अभिवृद्धि	१३
	७.३ संचालक तथा प्रमुख कार्यकारी अधिकृतको तालिम, अध्ययन तथा अवलोकन भ्रमण	१५
	७.४ प्रविधिको विकास	१५
	७.५ सदस्य प्रोत्साहन तथा वृत्ति विकास नीति	१६
	७.६ सञ्चालक समितिमा भएको हेरफेर	१६
	७.७ संस्थागत सुशासन	१७
	७.८ आन्तरिक नियन्त्रण प्रणाली	१७
	७.९ ग्राहक संरक्षण तथा संस्थागत सामाजिक उत्तरदायित्व	१८
	७.१० कम्पनीको औद्योगिक तथा व्यवसायिक सम्वन्ध	१८
	७.११ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई पारेको प्रभाव	१८
	७.१२ गाभ्ने गाभिने (मर्जर) तथा केन्द्रीय कार्यालयको ठेगाना परिवर्तन	१९
	७.१३ शेयर संरचना तथा FPO जारी	१९
	७.१४ वित्तीय विवरण तथा नाफा नोक्सानको स्थिती	१९
	७.१५ सम्पत्ति तथा दायित्वको अवस्था	१९
	७.१६ बोनस शेयर र नगद लाभांश बाँडफाँड	२०
	७.१७ लेखापरीक्षण प्रतिवेदन र संचालक समितिको प्रतिक्रिया	२०
	७.१८ भावि योजना तथा कार्यक्रमको सम्बन्धमा सञ्चालक समितिको धारणा	२०
	७.१९ संस्थाको कारोवारलाई असर पार्न सक्ने मूख्य बिषयहरु	२२
८	**कम्पनी ऐन, २०६३ को दफा १०९ (४) अनुसारको अतिरिक्त विवरण**	२४
९	**लेखापरीक्षकको प्रतिवेदन, वित्तीय विवरण, प्रमुख लेखा नीति तथा लेखा टिप्पणीहरु**	२७
१०	**आ.व. २०७७/०७८ को लक्ष्य अनुसारको प्रगति विवरण**	७५
११	**प्रस्तावित प्रवन्धपत्र तथा नियमावलीको बुंदाहरु संशोधन सम्वन्धी तीन महले विवरण**	७६
१२	**नेपाल राष्ट्र बैकको वित्तीय विवरण प्रकाशन गर्ने सम्वन्धमा प्राप्त कैफियत**	७७
१३	**नेपाल राष्ट्र बैकको वित्तीय विवरण प्रकाशन गर्ने सम्वन्धमा प्राप्त कैफियतको प्रत्युत्तर**	७८
१४	**प्रोक्सी फाराम**	७९
१५	**वित्तीय संस्थाको व्यवस्थापन समुह**	८०
१६	**टिप्पणी**	८२

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड

बनेपा, काभ्रेपलाञ्चोक

१ संक्षिप्त परिचय :

कम्पनी स्थापना मिति	२०७०/०१/०२
कम्पनी दर्ता नं.	१११५४८/०६९/०७०
नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त मिति (साविक)	२०७०/०५/०२
नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त मिति (मर्जर पश्चात् कायम)	२०७५/१०/१४
नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र नं. (साविक)	ने.रा.बैंक/इ.प्रा./"घ"/३४/०७०/७१
नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र नं. (मर्जर पश्चात् कायम)	ने.रा.बैंक/इ.प्रा./"घ"/९४/०७५/७६
एकीकृत वित्तीय कारोवार इजाजत प्राप्त मिति	२०७८/०१/०२
शाखा कार्यालयबाट कारोबार शुरु गरेको मिति	२०७०/०५/०९
केन्द्रीय कार्यालयको ठेगाना	बनेपा न.पा., वडा नं. ७, बनेपा, काभ्रेपलाञ्चोक
फोन नं.	०११-५९७०००
ईमेल	samata@samata.org.np

२ कार्यक्षेत्र तथा शाखा कार्यालयहरूको विवरण (२०७८ असोज मसान्तसम्मको):

प्रदेश	सञ्चालित जिल्ला		शाखा कार्यालयहरुको विवरण	
	जिल्ला संख्या	जिल्लाको विवरण	शाखा संख्या	शाखाको विवरण
प्रदेश नं. १	२	सुनसरी, उदयपुर	२	झुम्का, लालबजार
प्रदेश नं. २	७	बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा	२६	कलैया, निजगढ, कोल्हवी, बरियारपुर, सिम्रौनगढ, सिमरा, आदर्शकोतवाल, फेटा, कठहरिया, चपुर, शिवनगर, गौर, शुकदेवचोक, लौकाहा, लालबन्दी, बरहथवा, बर्दिबास, जलेश्वर, रामगोपालपुर, गौशला, बहुवारी, मनवा, पोखरिया, महेन्द्रनगर, धनुषाधाम, बिष्णुपुर
बागमती प्रदेश	१०	काठमाडौं, मकवानपुर, धादिङ, नुवाकोट, चितवन, काभ्रेपलाञ्चोक, दोलखा, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली	१५	सिन्धुली, दुधौली, चित्रासरी, जमुनापुर, हर्दि, महांकाल, बनेपा, कोशिपारी, चरिकोट, बट्टार, कुलेखानी, भिरकोट, एक्लेफाँट, भिमटार, ठोसे
गण्डकी प्रदेश	१	पूर्वी नवलपरासी	३	गैडाकोट, कोल्हुवा, दुम्किबास
लुम्बिनी प्रदेश	६	पश्चिम नवलपरासी, कपिलवस्तु, रुपन्देही, दाङ, बाके, बर्दिया	१०	सरावल, अहिरौली, भुजौली, चन्द्रौटा, देउपुर, दुलैया, मनकामनापुर, कौशिलापुर, देउडाकला, शाहिपुर
कर्णाली प्रदेश	१	सुर्खेत	१	शुभघाट
सुदुर पश्चिम प्रदेश	२	कैलाली, कंचनपुर	३	चौरी, गुलरिया, भाँसी
जम्मा	**३०**		**६०**	

३ संस्थाद्धारा प्रवाह गरिने वित्तीय तथा गैर वित्तीय सेवा :

३.१ वित्तीय सेवा अन्तर्गत :

■ कर्जा सेवा

क्र.सं.	कर्जाको प्रकार	व्याजदर	अधिकतम् सिमा	सेवा शूल्क
१	कृषि तथा पशुपालन कर्जा (धितो तथा विना धितो)	१५%	विना धितो रु. ५ लाख सम्म र धितोमा रु. १५ लाख सम्म	१.५ %
२	व्यवसाय प्रवर्द्धन कर्जा	१५%	व्यवसाय प्रवर्द्धन बचत खाता मौज्दातको तीन गुणासम्म रु. १ लाख ५० हजारमा नबढ्ने गरि	१.५ %
३	बैकल्पिक उर्जा कर्जा	१५%	रु. १ लाख सम्म	१.५ %
४	लघुउद्यम कृषि तथा व्यवसायिक कर्जा	१५%	विना धितो रु. ५ लाख सम्म र धितोमा रु. १५ लाख सम्म	१.५ %
५	शैक्षिक कर्जा	१५%	विना धितो रु. ३ लाख सम्म र धितो रु. १० लाख सम्म	१.५ %
६	घर निर्माण कर्जा	१५%	धितो रु. १५ लाख सम्म	१.५ %
७	बैदेशिक रोजगार कर्जा	१५%	विना धितो रु. २ लाख सम्म र धितो रु. ७ लाख सम्म	१.५ %
८	आधारभुत घरायसी उपकरण कर्जा	१५%	विना धितो रु. २ लाख सम्म	१.५ %
९	आर्जनमुखी सवारी कर्जा	१५%	विना धितो रु. ५ लाख सम्म	१.५ %
१०	सीप प्रवर्द्धन कर्जा	१५%	विना धितो रु. ५ लाख सम्म र धितो रु. १५ लाख सम्म	१.५ %
११	चाडपर्व कर्जा	१५%	विना धितो रु. १० हजार सम्म	१.५ %
१२	सजिलो कर्जा	१५%	रु. ३० हजार सम्म	१.५ %
१३	स्वास्थ्य कर्जा	१५%	रु. २० हजार सम्म	१ %

■ बचत सेवा


क्र.सं.	बचतको प्रकार	व्याजदर	बचत गर्ने रकम र अवधि
१	अनिवार्य बचत	६ %	प्रत्येक महिना रु. १००/- को दरले
२	स्वास्थ्य बचत	६ %	प्रत्येक महिना रु. ४०/- को दरले
३	केन्द्र कोष बचत	७ %	प्रत्येक महिना रु. ५/- को दरले
४	ऐच्छिक बचत	६ %	चाहेको रकम जुनसुकै बेला जम्मा गर्न र फिर्ता गर्न सकिने
५	भविष्य सुरक्षा बचत	६ %	रु. २०००/- मा खाता खोल्न सकिने त्यसपछि सदस्यको प्रकार बमोजिम बचत गर्दै जानु पर्ने
६	ट्रान्जेक्सन लिङ्क खाता	३ %	सदस्यले किस्ताको म्याद अगाडि बुझाएको किस्ता रकम जम्मा गरिने
७	सजिलो बचत	५ %	सदस्यले आफ्नो इच्छा अनुसार रु. १००/- वा रु.१५०/- सम्ममा खोल्न सकिने ।
८	व्यवसाय प्रवर्द्धन बचत	५ %	रु. २,०००/- मा खाता खोलि आवश्यकता अनुसार रकम जम्मा गर्न र झिक्न सकिने
९	चाडपर्व बचत	५ %	प्रत्येक महिना रु. २५/- को दरले
१०	सिर्जनशील बालयुवा बचत	८ %	रु. १००/- मा खाता खोल्न सकिने
११	समता स्वर्णिम बचत	१०.२५ %	ने.रा.बैंकको पछिल्लो निर्देशन अनुसार हाल यस प्रकारको नयाँ बचत योजना बन्द गरिएको ।

■ लघु बीमा

क्र.सं.	बीमाको प्रकार	प्रिमियम शूल्क	बीमा दावी शर्त	सहकार्य एजेन्सी
१	**लघुवित्त तथा विपन्न वर्ग कर्जा बीमा**	कर्जा रकमको वार्षिक ०.४८२ प्रतिशतको दरले	बीमा अवधि भित्र सदस्यको असामयिक निधन भएमा शत् प्रतिशत, दुर्घटनाबाट निधन भएमा थप १०० प्रतिशत बीमाङ्क रकम र काजकृया वापत निजको परिवारलाई कर्जा रकमको ३० प्रतिशत वा रु. २५,००० मध्ये जुन कम हुन्छ सो रकम उपलब्ध हुने ।	नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
२	**लघुवित्त तथा विपन्न वर्ग कर्जा बीमा**	कर्जा रकमको वार्षिक ०.४ प्रतिशतको दरले	बीमा अवधि भित्र सदस्यको निधन भएमा बाँकी रहेको कर्जाको शत् प्रतिशत र कर्जाको भाका नाघेर खराव कर्जामा परिणत भएमा बाँकी कर्जाको ७५ प्रतिशत रकम उपलब्ध हुने ।	निक्षेप तथा कर्जा सुरक्षण कोष
३	**पशु कर्जा बीमा**	कर्जा रकमको वार्षिक २.५ प्रतिशतको दरले	ऋण चुक्ता अगावै पशुको मृत्यु भएमा कर्जा रकमको ८० प्रतिशत रकम उपलब्ध हुने ।	निक्षेप तथा कर्जा सुरक्षण कोष


३.२ गैर वित्तीय सेवा अन्तर्गत :

वित्तीय संस्थाले वित्तीय सेवाहरुको अलावा आफ्नो ग्राहक सदस्यहरुको हित हुने गरी विभिन्न कार्यक्रम संचालन गर्दै आइरहेको छ भने संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्यक्रमहरुलाई उच्च प्राथमिकतामा राखी अघि बढिरहेको छ ।




४ सदस्यको प्रकार :

सदस्यहरुको कर्जा सदुपयोगिता, पछिल्लो कर्जा तिरेको इतिहास, बचत गर्ने बानी र सदस्यता अवधीको आधारमा सदस्यहरुलाई देहाय बमोजिम चार प्रकारमा विभाजन गरि सोही अनुरुपको कर्जा सेवा तथा अन्य सुविधाहरु उपलब्ध गराउने व्यवस्था रहेको छ।




५ विगतदेखि हासम्म संस्थाको प्रगतिको झलक :


५.१ आवद्ध ग्राहक सदस्य :




५.२ ऋणी सदस्य :




५.३ कर्जा लगानी (रु. हजारमा) :




५.४ निक्षेप संकलन (रु. हजारमा) :




५.५ कूल चुक्ता पूँजीमा भएको परिवर्तन (रु. हजारमा)




५.६ जगेडा तथा अन्य कोष (रु. हजारमा)



५.७ खुद मूनाफा (रु. हजारमा)



५.८ लाभांश वितरण- नगद तथा बोनस शेयर (%)



६ आठौं वार्षिक साधारणसभा प्रयोजनको लागि प्रकाशित सार्वजनिक सूचना :

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय बनेपा, काभ्रेपलाञ्चोक

आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/०८/१२ गते

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०७८ मंसिर ०९ गते बिहिवारको दिन बसेको सञ्चालक समितिको ११९ औ बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको आठौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान

मिति : २०७८/०९/०७ गते बुधवार, तदनुसार २२ डिसेम्वर २०२१

समय : बिहान ११:३० बजे

स्थान : मिराबेल रिर्सोट एण्ड होटल, धुलिखेल, काभ्रेपलाञ्चोक

छलफल तथा निर्णयका लागि निर्धारित बिषयसूची

क) सामान्य प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७७/०७८ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धित अनुसूचीहरु पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७८/०७९ को बाह्य लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने । (हालको बाह्य लेखापरीक्षक एल.एस.पि. एसोसियट्स, ललितपुर पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)

४. आर्थिक बर्ष २०७८/०७९ को बार्षिक कार्यक्रम, योजना तथा बजेट उपर छलफल तथा अनुमोदन गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७७/०७८ सम्मको वितरणयोग्य मुनाफाबाट २०७८ असार मसान्तमा कायम कुल चुक्ता पूँजी रु. २८,५६,२०,१६०/- को ५ प्रतिशतले हुन आउने रकम १,४२,८१,००८/- (अक्षरेपी एक करोड बयालिस लाख एकासी हजार आठ रुपैया मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(साविक समता लघुवित्त र साविक घरेलु लघुवित्त वित्तीय संस्था लि. बिच गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भई मिति २०७८/०१/०२ गते देखि एकीकृत वित्तीय कारोवार शुरुवात गरिएको हुँदा आयकर ऐन २०५८ को दफा ४७ (क) उपदफा ५ मा भएको व्यवस्था बमोजिम घोषित लाभांश रकममा लाग्ने लाभांश करको छुट हुने व्यवस्था बमोजिम कर रकम नछुटाइएको ।)

ख) विशेष प्रस्तावहरु :

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७७/०७८ सम्मको वितरणयोग्य मुनाफा र शेयर स्वाप आम्दानीबाट २०७८ असार मसान्तसम्म कायम चुक्ता पूँजी रु. २८,५६,२०,१६०/- को २० प्रतिशतले हुन आउने रकम रु. ५,७१,२४,०३२/- (अक्षरेपी पाँच करोड एकहत्तर लाख चौविस हजार बत्तिस रुपैया मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. वित्तीय संस्थाको केन्द्रीय कार्यालय बनेपा-८, काभ्रेपलाञ्चोकबाट बनेपा-७, काभ्रेपलाञ्चोकमा स्थानान्तरण गरी ठेगाना परिवर्तन गर्ने प्रस्ताव अनुमोदन गर्ने ।

३. वित्तीय संस्थाको प्रवन्धपत्रमा भएको व्यवस्था बमोजिम शेयर संरचना ७० : ३० (संस्थापक : सर्वसाधारण) कायम हुने गरी पुनः सर्वसाधारणलाई शेयर (Further Public Offering-FPO) जारी गर्ने ।

४. वित्तीय संस्थाको सञ्चालक समितिमा १ जना महिला सञ्चालक सहित जम्मा ६ जना सञ्चालकहरु मध्ये संस्थापक समुहबाट प्रतिनिधित्व गर्ने ४ जना र सर्वसाधारण समुहबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्ने । (निर्वाचन प्रक्रिया सम्बन्धी सम्पूर्ण जानकारी/निर्वाचन तालिका संस्थाको केन्द्रीय कार्यालयको सूचनापाटीमा टाँस गरिनेछ साथै यस सम्बन्धमा थप जानकारी आवश्यक भए संस्थाको कम्पनी सचिव श्री विश्व श्रेष्ठ (९८०२५३१९५९) लाई कार्यालय समय भित्र सम्पर्क गर्न सक्नुहुनेछ) ।

५. अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोहि बमोजिम गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।

ग) विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

साधारण सभा सम्बन्धी अन्य जानकारी :

१. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिएको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिनको बिहान १०:०० बजे देखि सभा सञ्चालन रहे सम्म खुल्ला रहनेछ ।

२. वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७८ मंसिर २४ गते देखि २०७८ पुष ०७ गते सम्म वित्तीय संस्थाको शेयरधनी दर्ता किताब शेयर दाखिला खारेज दर्ता बन्द रहनेछ ।

३. शेयरधनी महानुभावहरुलाई दर्ता पुस्तिका अनुसार कायम शेयरधनी महानुभावहरुको ठेगानामा बार्षिक साधारण सभाको सूचना सहितको वार्षिक प्रतिवेदन पठाइनेछ । यदि सो प्राप्त नभएमा कार्यालय समय भित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकबाट वा वित्तीय संस्थाको वेबसाइट www.samata.org.np बाट समेत प्राप्त गर्न सकिनेछ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले संक्षिप्त आर्थिक विवरण तथा सूचना साथ संलग्न प्रवेश पत्रको साथै हितग्राहि खाता खोलिएको (डिम्याट) शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनरोध छ ।

४. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरि केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकमा सभा सुरू हुनुभन्दा कम्तिमा ९६ घण्टा अगाडि दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको शेयरधनी हुनु आवश्यक छ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नुभएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी कितावमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सी स्वतः बदर हुनेछ ।

५. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।

६. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केहि शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ । प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी नियुक्त बदर गरिपाऊँ भनि शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त शेयरधनी स्वयं उपस्थित नभएमा समेत उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ, पछिल्लो प्रतिनिधि कायम हुनेछ ।

७. नाबालक शेयरधनीको तर्फबाट वित्तीय संस्थाको शेयर लगत कितावमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

८. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा संचालक समितिको तर्फबाट सामुहिक रुपले अध्यक्ष वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।

९. छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्वन्धमा शेयरवाला महानुभावहरुले छलफल गर्न चाहानु भएको विषय बारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अघि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत वित्तीय संस्थाको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१०. उक्त सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कुल शेयर पुँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिएकोमा बाहेक सभाको सुचनामा उल्लेख नभएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

११. कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको संक्षिप्त बार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवदेन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयबाट उपलब्ध हुनेछ ।

१२. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकको फोन नं. ०११-५९७०००० वा वित्तीय संस्थाको कम्पनी सचिव श्री बिश्व श्रेष्ठलाई (९८०२५३१९५९) सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

आठौं वार्षिक साधारण सभामा

सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत

आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन

७ आर्थिक वर्ष २०७७/०७८ को विस्तृत वार्षिक प्रतिवेदन :

आदरणीय शेयरधनी महानुभावहरु,

यस समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको गरिमामय आठौं वार्षिक साधारण सभामा उपस्थित् सम्पूर्ण शेयरधनी महानुभावहरु, विभिन्न नियमनकारी निकायबाट पाल्नु भएका प्रतिनिधि, पत्रकार एवम् आमन्त्रित अतिथि ज्यूहरुलाई म स्वयम् तथा सञ्चालक समितिको तर्फबाट समेत हार्दिक स्वागत तथा अभिवादन गर्दछु । यस संस्थाको आर्थिक बर्ष २०७७/०७८ मा भएको कारोबारहरुको समिक्षा गरि भावि नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्न यहाँहरुले सदा झै मार्गदर्शन गर्नुहुनेछ भन्ने आशा एवम् विश्वास लिएको छु । यस सभामा आर्थिक वर्ष २०७७/०७८ को कारोवारको सिंहावलोकन, संस्थाले हासिल गरेको प्रगति, प्राप्त उपलब्धीहरु, संस्था संचालनमा भोग्नु परेका चुनौतीहरु एवम् आगामी अल्पकालिन तथा दीर्घकालिन योजनाहरु र समग्र वित्तीय कारोवारको समिक्षा र पुनरावलोकन गर्न कम्पनी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा बैक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ लगाएत प्रचलित कानून तथा नेपाल राष्ट्र बैकद्धारा बेला बेलामा जारी गरिएका निर्देशनहरुको अधिनमा रहि तयार गरिएको यो प्रतिवेदन सञ्चालक समितिको तर्फबाट संस्थाको आठौं वार्षिक साधारण सभामा यहाँहरु समक्ष पेश गर्न अनुमति चाहन्छु साथै यसमा आवश्यक सूझाव सहित समर्थनको लागि समेत अनुरोध गर्दछु ।

७.१ वित्तीय कारोवार तथा मूख्य क्रियाकलापहरुको सिंहावलोकन :

यस वित्तीय संस्थाले आर्थिक वर्ष २०७७/०७८ को अन्त्यसम्ममा आफ्नो कार्यक्षेत्र भित्रको १, २, बागमती र गण्डकी प्रदेश गरी चार वटा प्रदेशको १८ जिल्लामा कुल ४१ वटा शाखा कार्यालयहरु मार्फत ४६,१४५ ग्राहक सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गर्दै आइरहेको छ । संस्थाले आर्थिक वर्ष २०७७/०७८ को अन्त्य सम्ममा ग्राहक सदस्यहरुबाट रु. ९३ करोड ७० लाख १ सय ९७ रुपैया बराबरको निक्षेप संकलन गरेको छ भने ३१,३६२ जना ऋणी सदस्यहरुलाई कूल रु. २ अर्व ७१ करोड ७ लाख ७२ हजार १ सय ६७ रुपैया बराबरको कर्जा लगानी गरेको छ ।

समिक्षा वर्षमा विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणदर तिव्र गतिमा बढेसँगै राज्यले अवलम्वन गरेको बन्दाबन्दी तथा निषेधाज्ञाको कारण वित्तीय संस्थाको आर्थिक तथा प्रशासनिक गतिविधिहरु नियमित रुपमा संचालन हुन नसक्दा कर्जा लगानीको भाखा नाघ्न गई निष्क्रिय कर्जाको अनुपातमा केहि मात्रामा बृद्धि हुन गएको छ । यसका बाबजुद ऋणी सदस्यहरुसँगको निरन्तर सम्पर्क समन्वय एवम् उहाँहरुको हितलाई मध्यनजर गर्दै व्याजदरमा प्रदान गरिएको सहुलियतको कारण सो अवधिसम्म असुली हुनुपर्ने साँवा र व्याज धेरै हदसम्म असुल उपर भएको छ भने यसले संस्थाको मूख्य वित्तीय सूचकहरुमा समेत सकारात्मक परिवर्तन ल्याएको छ । अतः समिक्षा वर्षको खुद मुनाफा गत वर्ष भन्दा झन्डै ११२ प्रतिशतले बृद्धि भई रु. दश करोड ४४ लाख १२ हजार ३ सय ३६ पुगेको छ । यसलाई हालको विषम परिस्थितिको बाबजुद उत्कृष्ट उपलब्धीको रुपमा लिई आगामी दिनहरुमा थप सतर्क एवम् उर्जाशिल भई कार्य अघि बढाउने तर्फ संचालक समिति तथा व्यवस्थापन पक्ष गम्भिर रहेको व्यहोरा यस गरिमामय सभालाई जानकारी गराउन चाहन्छु ।

समिक्षा वर्षमा नेपाल राष्ट्र बैंकको नियमानुसार जगेडा तथा अन्य कोषहरुमा पर्याप्त रकम व्यवस्था गर्नुका साथै शेयरधनीहरुको हितलाई मध्यनजर गर्दै सञ्चालक समितिले आर्थिक वर्ष २०७७/०७८ सम्मको बितरणयोग्य मुनाफा र शेयर स्वाप आम्दानी (बोनस शेयर प्रयोजनार्थ मात्र) बाट २०७८ असार मसान्तमा कायम कुल चुक्ता पुँजी रु. २८ करोड ५६ लाख २० हजार १ सय ६० रुपैयाको २० प्रतिशत बोनस शेयर र ५ प्रतिशत नगद लाभांश प्रस्ताव समेत गरेको छ । तत्पश्चात् संस्थाको कुल सञ्चित मुनाफामा रु. ४ करोड ६४ लाख ७७ हजार ३ सय ७९ मौज्दात रहेको

व्यहोरा यस सभालाई जानकारी गराउन चाहन्छु । साथै आगामी वर्षहरुमा थप शाखाहरु विस्तार गरी कार्यक्रम तथा व्यवसाय विस्तारमा कुशल एवम् रणनीतिक योजना सहित उत्कृष्ट कार्यान्वयन मार्फत वित्तीय संस्थाको समग्र वित्तीय विवरणहरुमा सुधार ल्याई संस्थाको छविलाई थप उचाईमा पुऱ्याउन साथै शेयरधनीहरुलाई उल्लेख्य रुपमा लाभांश प्रदान गर्न वित्तीय संस्था सक्षम रहने व्यहोरामा संञ्चालक समिति विश्वस्त रहेको छ ।

वित्तीय बजारमा देखिएको तरलता संकटले निम्त्याएको नकारात्मक प्रभावको कारण सदाझै समिक्षा वर्षमा व्याजदरमा देखिएको उतारचढाव त्यसैगरी नियामक निकायद्धारा लघुवित्त संस्थाहरुलाई निर्धारण गरेको व्याजदर सिमा निर्धारणको कारण संस्थाको वित्तीय आम्दानीमा प्रत्यक्ष प्रभाव पारेको भएता पनि संचालक समिति र व्यवस्थापन पक्ष बिचको निरन्तर समन्वय, सहकार्य एंवम् कुशल रणनीतिक योजना सहित उत्कृष्ट कार्यान्वयनको कारण समिक्षा वर्षमा संस्थाको प्रमुख वित्तीय सूचकहरुमा सकारात्मक सुधार ल्याउन सफल भएको व्यहोरा समेत यस गरिमामय सभालाई जानकारी गराउन चाहन्छु ।

यसका साथै संस्थाले ग्राहक सदस्यहरुको क्षमता अभिवृद्धिको लागि वित्तीय क्रियाकलापहरुको साथै गैर वित्तीय क्रियाकलापहरु जस्तै वित्तीय साक्षरता, कृषि तथा उद्यमशीलता विकास तालिम, लघुबीमा लगायत सामाजिक उत्तरदायित्व बहन गर्ने सन्दर्भमा बृद्ध बृद्धा, बाढि पिडित, अपाङ्ग तथा पिछडिएको वर्गको उत्थानको लागि आर्थिक सहयोग, गरिव तथा जेहेन्दार विद्यार्थीहरुको शैक्षिकस्तर उकास्नको लागि आर्थिक सहयोग साथै स्थानीय निकायहरुसँगको सहकार्यमा कोरोना भाइरस नियन्त्रणको लागि आर्थिक, प्राविधिक तथा आवश्यक उपकरणहरु सहयोग प्रदान गर्दै आइरहेको छ । यसर्थ यस संस्थाको भूमिका वित्तीय क्रियाकलापहरुमा मात्र सिमित नरहि गैर वित्तीय क्रियाकलापहरुमा समेत महत्वपुर्ण योगदान पुऱ्याउदै आइरहेको व्यहोरा यस गरिमामय सभालाई जानकारी गराउन चाहन्छु ।

गत बर्षको गरिमामय सभाले प्रत्यायोजन गरेको अख्तियारीको अधिनमा रहि नेपाल राष्ट्र बैंक तथा सम्बन्धीत नियामक निकायहरुको गाभ्ने गाभिने (मर्जर) सम्बन्धी व्यवस्थालाई आत्मसात् गर्दै समिक्षा अवधिमा शेयर आदान प्रदान दर (SWAP RATIO) १००:८० (समता:घरेलु) कायम हुने गरी साविक घरेलु लघुवित्त वित्तीय संस्था लि. सँग गाभ्ने गाभिने (मर्जर) कार्यलाई सफलता पूर्वक सम्पन्न गरी मिति २०७८ बैशाख ०२ गते देखि एकीकृत वित्तीय कारोवार शुभारम्भ भएको व्यहोरा सर्वविदितै छ । मर्जर पश्चात् वित्तीय संस्था पुँजीगत तथा कार्यक्रमगत रुपमा थप मजबुत भई नेपाल अधिराज्य भरि नै शाखाहरु विस्तार गर्ने गरी लक्षित ग्राहक सदस्यहरुलाई थप गुणस्तरिय सेवा उपलब्ध गराउन सक्षम भएको व्यहोरा यस सभालाई गराउन चाहन्छु । साथै आगामी दिनमा समेत उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुलाई गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) कार्यलाई निरन्तरता दिई वित्तीय संस्थालाई एक उत्कृष्ट एवम् दरिलो वित्तीय संस्थाको रुपमा स्थायित्व गराउने तर्फ संचालक समिति लगायत व्यवस्थापन पक्ष गम्भिर रहेको व्यहोरा समेत यस सभालाई अवगत गराउन चाहन्छु ।

आर्थिक वर्ष २०७७/०७८ मा भएको कार्यक्रम विस्तार तथा संस्थाको वित्तीय सूचकहरुमा देखिएको परिवर्तनहरु बारे यस सभालाई संक्षिप्तमा प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक वर्ष २०७७/०७८ मा संस्थाको प्रमुख वित्तीय एवम् अन्य सूचकहरुमा भएको प्रगति विवरण :

क्र.सं.	विवरण	इकाई	२०७७ असार मसान्तसम्म	२०७८ असार मसान्तसम्म	बृद्धि प्रतिशत
कार्यक्षेत्र तथा कार्यक्रम विस्तार :					
१	कार्यक्षेत्र समेटिएको जिल्ला	संख्या	१०	१८	**८०%**
२	शाखा कार्यालय	संख्या	२४	४१	**७१%**
३	ग्राहक सदस्य	संख्या	३७,०३६	४६,१४५	**२५%**
४	केन्द्र	संख्या	२,४४४	३,२८८	**३५%**
५	समुह	संख्या	८,६४४	१०,९७६	**२७%**
६	ऋणी सदस्य	संख्या	२७,१९५	३१,३६२	**१५%**

प्रमुख वित्तीय सूचकहरु :					
१	लगानीमा रहेको कर्जा	रु.	१,७१५,९३७,५६८	२,७१०,७७२,१६७	**५८%**
२	कुल चुक्ता पूँजी	रु.	२२९,३४०,१६०	३४,२७,४४,१९२	**४९%**
३	सदस्यको बचत	रु.	६०६,३२५,२१०	९३७,०००,१९७	**५५%**
४	तिर्न बाकी कर्जा सापट	रु.	८७४,८६४,१२४	१,४०५,३६१,८६३	**६१%**
५	व्याज खर्च	रु.	१४२,५६९,३१३	१२९,९६०,७१३	**-९%**
६	व्याज आम्दानी	रु.	२६६,०४८,५१९	३१४,२२५,१६३	**१८%**
७	कर्मचारी खर्च	रु.	४५,४९३,७५६	५२,१११,७२९	**१५%**
८	अन्य संचालन खर्च	रु.	१७,९७९,५५१	२७,०९८,४६२	**५१%**
९	कर्जा नोक्सानी व्यवस्था	रु.	२६,३७२,३८१	४६,६१७,६३६	**७७%**
१०	खुद मुनाफा	रु.	४९,२८७,२०३	१०४,४१२,३३६	**११२%**
११	पुँजीकोष अनुपात	प्रतिशत	१७.२०%	१५.९८%	**-७%**

७.२ मानव संसाधन व्यवस्थापन तथा क्षमता अभिवृद्धि :

दुई वित्तीय संस्था गाभ्ने गाभिने (मर्जर) कार्य पश्चात् कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई उहाँहरुले खाईपाई आएको तलब भत्ता नघट्ने गरी सो बेला कायम तह तथा श्रेणी नै निरन्तरता हुने गरी उहाँहरुको योग्यता एवम् क्षमता अनुरुप पदस्थापन गरिएको छ । संस्थाको व्यवस्थापनमा वित्तीय क्षेत्रमा लामो अवधिको अनुभव हासिल गरी सकेका योग्य, दक्ष कर्मचारीहरु रहेका छन् । कर्मचारीहरु संस्थाको मेरुदण्ड हुन् भन्ने मान्यतालाई आत्मसात् गरी उहाँहरुको क्षमता अभिवृद्धि तथा बृत्ति विकासको लागि समय सापेक्ष विभिन्न तहका कर्मचारीलाई आवश्यक आन्तरिक तथा बाह्य तालिम तथा प्रशिक्षण संस्थाले दिदै आइरहेको छ । कर्मचारीहरुको कार्यसम्पादन अभिवृद्धि गर्ने तथा थप हौसला प्रदान गर्ने अभिप्रायले आवश्यक संसोधन सहित "उत्कृष्ट कर्मचारी छनौट कार्यविधि २०७८" लागु गरी मासिक तथा बार्षिक रुपमा कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन गरी मासिक तथा बार्षिक रुपमा उत्कृष्ट कर्मचारी छनौट गर्ने परिपाटीलाई निरन्तरता दिदै आइरहेको छ भने सोही अनुसार निजहरुको सरुवा, बढुवा तथा पारिश्रमिक एवम् अन्य सुविधाहरु वृद्धि गर्ने रणनीति समेत संस्थाले लिदै आइरहेको छ । यसका अतिरिक्त संस्था सदैव योग्य, दक्ष, लगनशील तथा इमान्दार कर्मचारीहरु नियुक्त गर्न र त्यस्ता योग्य कर्मचारीहरुलाई संस्थाको सेवामा कायमै राख्न उत्प्रेरित गर्नमा प्रतिवद्ध रहदै आएको छ । कर्मचारीहरुको क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखि बार्षिक Training Calender तयार गरी आन्तरिक तथा बाह्य तालिम तथा गोष्ठीहरु संचालन गर्दै आइरहेको छ ।

समिक्षा अवधिमा कोरोना भाइरसको महामारीले सिर्जना गरेको विषम् परिस्थितिको कारण योजना अनुरुप कर्मचारी क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा संचालन गर्न नसकिएको भएता पनि आन्तरिक तथा बाह्य रुपमा धेरै जसो तालिम तथा गोष्ठीहरु भर्चुअल मार्फत संचालन गरिएको र केहि सहज परिस्थितिमा भौतिक रुपमा पनि संचालन गर्दै आइरहेको छ र समिक्षा अवधिमा रु. ४ लाख ५७ हजार ४सय ४२ रुपैया कर्मचारीहरुको क्षमता अभिवृद्धिमा खर्च गरिएको व्यहोरा समेत यस सभालाई जानकारी गराउन चाहन्छु ।

अब म आर्थिक वर्ष २०७७/०७८ मा कायम मानव संसाधन संरचना र क्षमता अभिवृद्धि सम्वन्धी क्रियाकलापहरु बारे संक्षिप्तमा देहाय बमोजिम जानकारी गराउन चाहन्छु ।

मानव संसाधन संरचना :

क्र.सं.	तह/श्रेणी	कर्मचारी संख्या
१	**बरिष्ठ कार्यकारिणी तह/श्रेणी**	**२**
	प्रमुख कार्यकारी अधिकृत	१
	नायव प्रमुख कार्यकारी अधिकृत	१
२	**कार्यकारिणी तह/श्रेणी**	**१**
	प्रवन्धक	१
३	**अधिकृत तह/श्रेणी**	**१३**
	बरिष्ठ अधिकृत	२
	अधिकृत	३
	सहायक अधिकृत	४
	कनिष्ठ अधिकृत	४
४	**सहायक तह/श्रेणी**	**१५२**
	बरिष्ठ सहायक	१२
	सहायक	१०
	कनिष्ठ सहायक	११८
	बरिष्ठ प्रशिक्षार्थी	३
	प्रशिक्षार्थी	९
५	**सहयोगी तह/श्रेणी**	**३७**
	चालक	१
	कार्यालय सहयोगी	३६
	जम्मा	**२०५**

क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रमहरुको विवरण :

क्र.सं.	तालिम/सेमिनार/कार्यशाला गोष्ठी	तालिम प्रदायक संस्था	तालिम संचालन स्थान/माध्यम	सहभागी संख्या
1	SIS Training	NRB	Virtual	2
2	Risk and Delinquency Management training	National Banking Institute(NBI)	Virtual	2
3	Effective Field Management	Banking, Finance & Insurance Institute of Nepal Ltd (BFIN)	Chitwan	3
4	Post Covid Management Training	Shrawan Kumar Support Pvt.Ltd	Dhanusha	22
5	Business Growth: The Post Pandemic Procedures for MFIs	A.I.M.T Training Solutions Pvt. Ltd.	Chitwan	5

6	Advanced Procurement, Contract & Negotiation Management	ISI Nepal	Chitwan	1
7	Credit Risk Management	Banking, Finance & Insurance Institute of Nepal Ltd (BFIN)	Kathmandu	1
8	Booming the business through A-List microenterprise financing styles	A.I.M.T Training Solutions Pvt. Ltd.	Birgunj	5
9	Effective Field Management	Banking, Finance & Insurance Institute of Nepal Ltd (BFIN)	Janakpur	6
10	Beginner to Advanced Excel Course	Learn Infinity	Virtual	2
11	Beginner to Advanced Excel Course	Learn Infinity	Virtual	9
12	Training on Non-Performing Loans Management in Micro Finance Institutions	National Banking Institute Ltd	Virtual	13
	Total			**71**

७.३ सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतको बैदेशिक तालिम, अध्ययन तथा अवलोकन भ्रमणः

आर्थिक वर्ष २०७७/०७८ मा प्रमुख कार्यकारी अधिकृत तथा संचालकहरुको बैदेशिक तालिम, अध्ययन तथा अवलोकन भ्रमण नभएको व्यहोरा यस सभालाई जानकारी गराउन चाहन्छु । तथापी, माईक्रोफाइनान्स एसोसियसन अफ् नेपाल (म्यान) द्धारा काठमाण्डौंमा आयोजित संचालक शिक्षा कार्यक्रममा अध्यक्ष श्री डम्मरमणि थेवे लिम्बु, संचालकद्धय श्री राजेश्वर प्रसाद आचार्य, श्री विश्वराम खड्का र श्री अनुपा ओझा ज्यू सहभागि हुनुभएको व्यहोरा समेत यस सभालाई अवगत गराउन चाहन्छु । समिक्षा वर्षमा संचालकहरुको तालिम तथा भ्रमण शिर्षकमा रु. ९४ हजार ५ सय ४८ रुपैया खर्च भएको छ ।

७.४ प्रविधिको विकास :

संस्थाले कारोबारलाई छिटो छरितो तथा चुस्त दुरुस्त राख्नको लागि सफ्टवेयर सेवा प्रदायक कम्पनी इन्फो डेभलपर्स प्रा. लि. संग सहकार्य गरी उहाँहरु कै Cloud मा Online प्रविधिको Web Based Empower Software प्रयोग गर्दै आइरहेको छ । वित्तीय संस्थाको Data Backup गरी सुरक्षित राख्ने जिम्मेवारी सेवा प्रदायक कम्पनीले लिएको भएतापनि संस्था स्वयम्ले समेत समय समयमा Data Backup गरी External Hard Disk मा राख्ने गरेको छ । केन्द्रीय कार्यालय देखि शाखा कार्यालयहरुमा समेत सिसि क्यामेरा जडान गरी हुन सक्ने सम्भावित जोखिमका साथै आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउने प्रयास संस्थाले गरिरहेको छ । संस्थाको अनुगमन तथा सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाउनको लागि Online Reporting Sytem मार्फत सरल एवम् सहज तरिकाले प्रतिवेदन तयार गरि आवश्यक विश्लेषण गर्ने परिपाटीको समेत विकास भएको छ । संस्थाले स्थापनाकाल देखि प्रयोगमा ल्याएको आफ्नो Website लाई सर्वसाधारणको सरल सहज पहुँच, संस्थाको सम्पुर्ण जानकारी सहज रुपमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिएको छ भने हालको विषम परिस्थितिलाई मध्यनजर गर्दै डिजिटल प्रविधि मार्फत शाखाको मासिक तथा त्रैमासिक प्रगति समिक्षा बैठक संचालन गर्ने, सञ्चालक समिति तथा उपसमितिहरुको बैठक यसै मार्फत संचालन गरि प्रविधिमैत्री हुने परिपाटीको समेत विकास भएको जानकारी यस गरिमामय सभालाई गराउन चाहन्छु ।

७.५ सदस्य प्रोत्साहन तथा वृत्ति बिकास नीति :

संस्थाले ग्राहक सदस्यहरुको व्यवसायीक कृषि सहजिकरण, व्यवसाय विकास, विस्तार तथा प्राविधिक परामर्शका लागि सामुदायिक सक्रिय सहभागिता नेपाल (CAP Nepal) सँग सहकार्य गदै आइरहेको छ । सामुदायिक सक्रिय सहभागिता (CAP Nepal) का विज्ञ प्रशिक्षकहरुद्धारा शाखा कार्यालयहरुसँगको समन्वयमा आवद्ध ग्राहक सदस्यहरुलाई लक्षित गरि निर्धारित कार्ययोजना बमोजिम बेमौसमी तरकारी खेती, उन्नत जातको बाखा पालन सम्बन्धि तालिम, व्यवसायिक परामर्श तथा अन्य विभिन्न सीपमूलक तालिमहरुको आयोजना गर्दै आइरहेको छ । विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस संक्रमणको कारण लक्षित कार्ययोजना अनुसार कार्यक्रम अघि बढ्न नसकेका भएता पनि संक्रमणदर मन्द भएको अवधिमा आवश्यक सुरक्षाको उपायहरु अवलम्वन गर्दै समिक्षा अवधिमा संस्थामा आवद्ध ग्राहक सदस्य तथा सदस्यका परिवारलाई लक्षित गरी क्षमता तथा सीप विकास सम्वन्धी २५ वटा कार्यक्रमहरु संचालन गरिएको छ । जसमा १,६८१ जना सदस्य तथा सदस्य परिवारहरुको प्रत्यक्ष सहभागिता रहेको थियो । उक्त तालिम तथा परामर्श सेवामा सहभागी ग्राहक सदस्यहरुको संक्षिप्त विवरण देहाय बमोजिम रहेको व्यहोरा यस सभालाई जानकारी गराउन चाहन्छु ।

क्र.सं.	तालिमको नाम	महिला	पुरुष	जम्मा
१.	सीपमूलक बाखापालन तालिम	४४६	०	४४६
२	सीपमूलक तरकारी खेती तालिम	१,१८५	५०	१,२३५
	जम्मा	**१,६३१**	**५०**	**१,६८१**

यसरी संचालित व्यवसायमूलक तालिमहरुले ग्राहक सदस्यहरुलाई कर्जाको सहि सदुपयोग मार्फत उद्यमशील हुन थप प्रोत्साहित गरेको छ भने संस्था प्रति ग्राहक सदस्य लगायत स्थानीय सरोकारवालाहरु समेत सकारात्मक भएको हामीले महसुश गरेका छौं । त्यसैगरी ग्राहक सदस्यहरुको दैनिक आर्थिक जीविकोपार्जनमा सहयोग हुने गरी ७ दिने गुडिया तथा कुसन बनाउने सीपमूलक २ वटा तालिमहरु वित्तीय संस्थाको आफ्नै संलग्नतामा दक्ष प्रशिक्षकद्धारा प्रशिक्षण गराईएको थियो । जसमा ६० जना महिला ग्राहक सदस्यहरुको सक्रिय सहभागिता रहि गुडिया तथा कुसन बनाउन सक्षम हुनु भएको साथै आगामी दिनमा संस्थाद्धारा आवश्यक कर्जा लिई यसलाई व्यवसायीक रुपमा अघि बढाउने प्रतिवद्धता व्यक्त गर्नु भएको व्यहोरा समेत सभालाई जानकारी गराउन चाहन्छु ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोराना भाइरसको संक्रमणको अवस्था साथै संस्थाको संशोधित ग्राहक संरक्षण कोष कार्यविधि २०७८ मा भएको व्यवस्थालाई मध्यनजर गर्दै आवद्ध ग्राहक सदस्यहरुलाई प्रत्यक्ष लाभ हुने गरी आगामी दिनमा उक्त कार्यक्रमलाई नयाँ ढाँचाको साथ उत्कृष्ट ढंगले कार्यान्वय गर्ने गरी योजना अघि बढि रहेको व्यहोरा यस सभालाई जानकारी गराउन चाहन्छु । साथै सदस्यहरुलाई थप प्रोत्साहित गर्न समय सापेक्ष सदस्यहरुलाई प्रदान गर्ने सेवा सुविधालाई मध्यनजर गर्दै कर्जा, बचत सुविधा तथा अन्य गैर वित्तीय क्रियाकलापहरु थप गरिदै सदस्यहरुको सुरक्षणमा यस वित्तीय संस्था प्रतिवद्ध रहेको जानकारी समेत यस गरिमामय सभालाई अवगत गराउन चाहन्छु ।

७.६ सञ्चालक समितिमा भएको हेरफेर :

गत वर्षको सातौं वार्षिक साधारण सभाले साविक समता लघुवित्त वित्तीय संस्था लि. र साविक घरेलु लघुवित्त वित्तीय संस्था लि. बिच एक आपसमा गाभ्ने गाभिने (मर्जर) कार्यलाई अन्तिम स्वीकृति प्रदान गरे सँगै सम्बन्धीत नियामक निकायहरुको निर्धारित मापदण्ड बमोजिम मिति २०७८ बैशाख २ गते देखि एकीकृत वित्तीय कारोवार शुभारम्भ गरिएको व्यहोरा सर्वविदितै छ । साथै दुई वित्तीय संस्था गाभ्ने गाभिने (मर्जर) प्रयोजनार्थ भएको सहमति अनुसार दुई वित्तीय संस्थाको प्रतिनिधीहरु सम्मिलित देहाय बमोजिमको तदर्थ सञ्चालक समिति मिति २०७८ बैशाख २ गते देखि लागु हुने गरी गठन भई मर्जर पश्चात् हाल सम्म सोही समितिले कार्य गर्दै आइरहेकोमा वित्तीय संस्थाको नियमावलीको परिच्छेद ४ को नियम २७ मा भएको व्यवस्था अनुसार आगामी चार वर्षको लागि १ जना महिला सञ्चालक सहित जम्मा ६ जना मध्ये संस्थापक शेयरधनीको तर्फबाट ४ जना र सर्वसाधारण शेयरधनीको तर्फबाट २ जना सञ्चालकहरु प्रतिनिधित्व हुने गरी सञ्चालक समितिको गठन यसै गरिमामय सभा मार्फत गरिने व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

हाल कायम तदर्थ सञ्चालक समितिको विवरण :

क्र.सं.	सञ्चालकको नाम, थर	पद/समुह	प्रतिनिधित्व संस्था
१.	श्री डम्मर मणी थेबे लिम्बु	अध्यक्ष (संस्थापक)	साविक समता लघुवित्त
२.	श्री राजेश्वर प्रसाद आचार्य	संचालक (संस्थापक)	साविक समता लघुवित्त
३.	श्री रमेश कुमार प्रधान	संचालक (संस्थापक)	साविक घरेलु लघुवित्त
४.	श्री किशोर शेर्पा	संचालक (संस्थापक)	साविक घरेलु लघुवित्त
५.	श्री भक्तराम खड्का	संचालक (सर्वसाधारण)	सर्वसाधारण
६.	श्री अनुपा ओझा	संचालक (सर्वसाधारण)	सर्वसाधारण
७.	श्री निरंजन पराजुली	संचालक (स्वतन्त्र)	स्वतन्त्र

आर्थिक वर्ष २०७७/७८ मा सञ्चालक समितिको जम्मा १७ पटक बैठक बसेको र सोको माध्यमबाट महत्वपूर्ण निर्णयहरू लिई संस्थाको व्यवसायिक आवश्यकतालाई सम्बोधन गर्दै आईरहेको व्यहोरा सभालाई जानकारी गराउन चाहन्छु ।

७.७ संस्थागत सुशासन :

संस्थागत सुशासन कायम राख्ने विषयमा सञ्चालक समिति र व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ । संस्थागत सुशासन संस्थाको काम कारवाहीको मार्गदर्शनको रुपमा रहेको मनन गर्दै सोही अनुरुप सञ्चालक समितिका काम कारवाहीहरु तथा संस्थाका अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा संचालन गरी संस्थागत सुशासनको विकास गर्न एवम् सोको अनभूति गराउन संस्था सदैव क्रियाशील रहँदै आएको छ । यस संस्थाको सञ्चालक समिति, व्यवस्थापन, शेयरधनीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हित संरक्षण तथा प्रवर्द्धन गर्न सदैव प्रतिवद्ध रहेको अवगत गराउँदछु । नेपाल राष्ट्र बैंक तथा विद्यमान ऐन कानून र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरी संस्थागत सुशासनको निरन्तर परिपालनाको लागि सञ्चालक समितिले विभिन्न नीति निर्देशिकाहरु निर्माण गरेको छ र उक्त नीति निर्देशनलाई व्यवस्थापनले कार्यान्वयन गर्दै आईरहेको व्यहोरा सभालाई जानकारी गराउन चाहन्छु ।

७.८ आन्तरिक नियन्त्रण प्रणाली :

संस्थामा आफ्नो कारोवार व्यवस्थित तवरले संचालन गर्न गराउनको लागि संचालक समितिले बचत तथा कर्जा निर्देशिका, कर्जा अपलेखन नीति, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्मचारी कर्जा सापटी निर्देशिका, आन्तरिक लेखा परिक्षण निर्देशिका, धितो कर्जा निर्देशिका, KYC निर्देशिका लगाएत हाल २५ वटा नीति, कार्यविधि तथा निर्देशिकाहरु पारित गरी कार्यान्वयन गरिएको छ । यसको साथै नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम आवश्यक नीति तथा कार्यविधिहरु तयार गरी कार्यान्वयन गर्न व्यवस्थापनलाई निर्देशन दिदै आइरहेको छ । संस्थाले केन्द्रीय कार्यालयका दक्ष कर्मचारीहरुलाई शाखागत रुपमा नियमित अनुगमन तथा सुपरिवेक्षणका लागि नियुक्त गरेको छ भने नेपाल राष्ट्र बैक लगायत अन्य नियामक निकायहरुको अनुपालना पुर्ण रुपले परिपालना गर्ने गरी कार्यान्वयन प्रक्रिया अघि बढाउन व्यवस्थापन पक्षलाई निर्देशन दिदै आइरहेको छ । आन्तरिक नियन्त्रण प्रणाली दरिलो बनाउनको लागि सञ्चालक समिति अन्तर्गत विभिन्न समिति तथा उप-समितिहरु गठन गरी कार्यान्वयन प्रक्रियामा सहज हुने गरी आवश्यक अधिकारहरु समेत प्रत्यायोजन गरिएको छ । प्रत्येक शाखा कार्यालयहरुमा सिसि क्यामेरा जडान गरी केन्द्रीय कार्यालयबाट दैनिक रुपमा शाखा कार्यालयमा हुन सक्ने सम्भावित जोखिमलाई विश्लेषण गर्ने परिपाटिको विकास भएको छ । समग्र वित्तीय तथा गैर वित्तीय क्रियाकलापलाई निगरानी तथा व्यवस्थापनको समसामयिक सुधारका लागि लेखापरिक्षण समिति समेत सकृय रहेकोले संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त र प्रभावकारी बनाईएको व्यहोरा यस सभालाई जानकारी गराउन चाहन्छु ।

७.९ ग्राहक संरक्षण तथा संस्थागत सामाजिक उत्तरदायित्व :

वित्तीय संस्थाले गरिब, विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई आर्थिक, सामाजिक तथा मानसिक विकास गर्दै आईरहेको छ । ग्राहक सदस्यहरुको आर्थिक विकासका लागि कर्जा, बचतका साथ साथै संस्थाले ग्राहकहरुको हकहित एवम् संरक्षण गर्ने उद्देश्यले ग्राहक संरक्षण कोष कार्यविधि २०७८ लागु गरी सो अनुरुप महत्वपूर्ण कार्यहरु गर्दै आइरहेको छ । संस्थासँग आवद्ध ग्राहक सदस्य सुत्केरी हुँदा दुई सन्तानसम्म पोषणका लागि रु. २,५०० का दरले, दैविक प्रकोपमा परेको ग्राहक सदस्यलाई राहत स्वरुप रु. २,००० तथा सदस्यको पतिको मृत्यु भएमा काज किरिया खर्च स्वरुप रु. ५,००० सम्म दिने व्यवस्था रहेको छ । नेशनल लाइफ इन्स्योरेन्ससँग लघुबीमा सम्बन्धमा सम्झौता गरी सदस्यहरुको लघुकर्जा बीमा गरिएको छ । जस अनुसार सदस्यको काल गतिले मृत्यु भएमा कर्जा रकमको शत प्रतिशत, दुर्घटनाबाट मृत्यु भएमा कर्जा रकमको दुई सय प्रतिशत रकम र काज किरिया खर्च वापत बीमांक रकमको ३० प्रतिशत वा रु. २५ हजार मध्ये जुन कम हुन्छ सो रकम प्रदान गर्ने व्यवस्था मिलाईएको छ । समिक्षा अवधिमा ग्राहक सदस्यहरुको हकहित एवम् संरक्षणमा रु. २९,४४,५७६ रुपैया खर्च गरिएको छ । नेपाल राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशिका २०७७ मा भएको व्यवस्था बमोजिम गत वर्षको नाफाबाट कोषमा छुट्याइएको कूल रकम मध्ये न्यूनतम ५० प्रतिशत खर्च गर्नुपर्ने भन्ने प्रावधान रहेकोमा वित्तीय संस्थाले ग्राहक सदस्यहरुको हित हुने गरी करिब ८४ प्रतिशत खर्च गरिएको व्यहोरा यस सभालाई जानकारी गराउन चाहन्छु ।

वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने उद्देश्यले संस्थागत सामाजिक उत्तरदायित्व कोष परिचालन निर्देशिका २०७५ लागु गरि सो अनुरुप कार्यहरु गर्दै आइरहेको छ । समिक्षा अवधिमा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने सन्दर्भमा रु. २५,५९,६२० रुपैया खर्च गरिएको छ । जुन रकम विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरसको नियन्त्रणको लागि स्थानीय निकायहरुसँग सहकार्य गरी आवश्यक सामाग्रीहरु हस्तान्तरण गरिएको, गरिव तथा जेहेन्दार विद्यार्थीहरुको लागि अक्षय कोषमा आर्थिक सहयोग प्रदान गर्नुको साथै आवश्यक न्यानो कपडाहरु वितरण गरिएको, सम्बन्धीत स्थानीय निकायसँगको सहकार्यमा बाढि पिडितहरुको लागि राहत सामाग्रीहरु हस्तान्तरण, अपाङ्ग, दृष्टिविहिन तथा बृद्धबद्धाहरुको लागि आवश्यक सामाग्रीहरु हस्तान्तरण गरिएको व्यहोरा यस सभालाई अवगत गराउन चाहन्छु । अतः सामाजिक उत्तरदायित्व बहन गर्ने सन्दर्भमा समेत वित्तीय संस्था अग्रणी भूमिकामा रहेको व्यहोरा समेत यस सभालाई जानकारी गराउन चाहन्छु ।

७.१० कम्पनीको औद्योगिक तथा व्यवसायिक सम्बन्ध :

संस्थाले आफ्ना ग्राहक वर्ग, विभिन्न संघ संस्था, स्थानीय निकाय तथा नियामक निकायहरुसँग सदैव पारदर्शिताको आधारमा व्यवसायिक एवम् आत्मिय सम्बन्ध कायम गर्दै वित्तीय सेवा विस्तारको लागि सुमधुर सम्बन्ध कायम गर्दै आएको छ ।

७.११ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई परेको असर :

यस वित्तीय संस्था प्रति सदस्यहरुले देखाएको सद्भाव, सहयोग एंव विश्वासका कारण आजसम्म कुनै गम्भिर समस्या व्यहोर्नु परेको छैन । आर्थिक वर्ष २०७६/७७ को अन्तिम त्रैमास देखि शुरु भएको कोरोना भाइरसको प्रभाव समिक्षा वर्षमा पनि सक्रिय रहँदा यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतलाई नै नराम्रोसँग प्रभावित पारेको छ । संक्रमण नियन्त्रणको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतले अवलम्वन गर्दै आइरहेको लकडाउन, निषेधाज्ञाका कारण अर्थतन्त्र नियमित रुपमा चलायमान हुन नसक्दा विश्व अर्थतन्त्र नै धरासयी हुदै गईरहे सँगै वित्तीय क्षेत्र समेत अत्यन्त प्रभावित भएको छ । साथै नियमनकारी निकायबाट हुने नीतिगत परिवर्तन, दैवि विपत्ती लगायत लघुवित्त संस्थाहरुको संख्यात्मक बृद्धिले गर्दा बढ्दो अस्वस्थ प्रतिस्पर्धाका कारण ग्राहक सदस्यहरुको व्यवसायमा वृद्धि हुनुको साटो ऋणको भार वृद्धि हुन गई खराव कर्जा बढ्न सक्ने जोखिम देखिएको छ । यसको बाबजुद सञ्चालक तथा व्यवस्थापन विचको आपसी समन्वय एवम् सहकार्यमा कुशल रणनीतिक कार्ययोजना सहित सफल कार्यान्वयनको कारण यस वर्ष संस्थाको मूनाफा लगायत अन्य महत्वपूर्ण सूचकहरुमा सकारात्मक सुधार ल्याउन सफल भएको व्यहोरा सहर्ष जानकारी गराउँदछु ।

७.१२. गाभ्ने गाभिने (मर्जर) तथा केन्द्रीय कार्यालयको ठेगाना परिवर्तन :

गत वर्ष सम्पन्न गरिमामय सातौं वार्षिक साधारण सभाले साविक घरेलु लघुवित्त वित्तीय संस्था लि., बनेपासँग गाभ्ने गाभिने (मर्जर) कार्यको लागि स्वीकृति प्रदान गरे अनुरुप सम्पत्ति, दायित्व तथा कारोवार मुल्यांकन (DDA) अनुसार शेयर आदानप्रदान दर (SWAP Ratio) १०० : ८० (समता : घरेलु) कायम हुने गरी सम्बन्धीत नियामक निकायहरुको आवश्यक मापदण्डहरु पुरा गर्दै दुइ पक्ष विच भएको सहमतिको आधारमा समता घरेलु लघुवित्त वित्तीय संस्था लि. को नामबाट मिति २०७८/०१/०२ गते देखि एकीकृत वित्तीय कारोवार शुभारम्भ भएको व्यहोरा सर्वविधितै छ । साविक घरेलु लघुवित्त वित्तीय संस्था लि. रहेको स्थान बनेपा-८ मा गाभिए पश्चात् कायम वित्तीय संस्थाको केन्द्रीय कार्यालय व्यवस्थापन गर्न कठिनाई भए सँगै नियमानुसार नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई बनेपा-७ मा केन्द्रीय कार्यालय स्थापना गरी दैनिक आर्थिक प्रशासनिक क्रियाकलापहरु नियमित रुपमा संचालन गर्दै आइरहेको व्यहोरा यस सभालाई जानकारी गराउँदै उक्त परिवर्तित ठेगाना अनुसार वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा समेत आवश्यक संशोधन गर्नुपर्ने हुँदा यस गरिमामय सभामा प्रस्तुत हुने यस सम्बन्धी विशेष प्रस्ताव पारितको लागि समेत अनुरोध गर्दछु ।

७.१३ शेयर संरचना तथा FPO जारी सम्बन्धी :

साविक समता लघुवित्त वित्तीय संस्था लि. र साविक घरेलु लघुवित्त वित्तीय संस्था लि. बीच एक आपसमा गाभ्ने गाभिने (मर्जर) कार्य सम्पन्न भए पश्चात् वित्तीय संस्थाको जारी पुँजी (Issued Capital) रु. ३०,९७,४०,१६० हुने गरी नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृत भए अनुसार शेयर आदानप्रदान दर (SWAP Ratio) १००:८० (समता : घरेलु) कायम हुने गरी गाभिए पश्चात् संस्थाको कुल चुक्ता पुँजी (Paid up Capital) रु. २८,५६,२०,१६० देखिएको हुँदा वित्तीय संस्थाको प्रवन्धपत्रमा भएको व्यवस्था अनुसार शेयर संरचना ७०:३० (संस्थापक : सर्वसाधारण) कायम हुने गरी जारी हुन बाँकी शेयर रकम रु. २,४१,२०,००० (२,४१,२०० कित्ता) सर्वसाधारणलाई पुनः शेयर (Further Public Offering-FPO) जारी गरी प्रवन्धपत्रमा भएको व्यवस्था अनुसार शेयर संरचना कायम गर्न पेश गरिएको विशेष प्रस्ताव पारितको लागि यस गरिमामय सभालाई हार्दिक अनुरोध गर्दछु ।

७.१४ वित्तीय विवरण तथा नाफा नोक्सानको स्थिति :

वित्तीय संस्थाको आर्थिक बर्ष २०७७/०७८ को बैधानिक लेखापरीक्षण सम्पन्न भई सोको वित्तीय विवरण तथा अनुसूचिहरु सहितको प्रतिवेदन वार्षिक प्रतिवेदन पुस्तिकामा संलग्न गरिएको छ । वित्तीय विश्लेषणका विभिन्न परिसूचकहरु समेत उक्त प्रतिवेदनमा समावेश गरिएको छ ।

